# जिराभवानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## सेढवा, पर्सा
## २ नं. प्रदेश, नेपाल

# सार्वजनिक पोखरीको खुल्ला डांक बढाबढ सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०६/१६)

१. यस गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरीहरुमध्ये तपसिल बमोजिमका पोखरीहरुमा माछापालन प्रयोजनको लागि टेण्डरको सम्झौता भएको मितिदेखि ५(पाँच) बर्षको लागि पोखरी ठेक्कामा दिईने भएकोले पोखरीको खुल्ला डांक बढाबढमा भाग लिने ईच्छुक व्यक्ति वा ईच्छुक र ईजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको छुट्टाछुट्टै निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

२. निवेदन दिनुपर्ने अन्तिम मिति यो सूचना प्रकाशित भएको मितिदेखि ३० औं दिनसम्म यस कार्यालयमा रु. १,०००/- (एक हजार) (पछि फिर्ता नहुने गरी) रकम बुझाई रसिद संलग्न राखी कार्यालयमा सम्बन्धित व्यक्तिले नागरिकताको प्रतिलिपी वा फर्म/संस्थाका अधिकार प्राप्त प्रतिनिधिले (फर्म वा संस्थाको हकमा अधावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित ईजाजत-पत्र, अधावधिक नवीकरण फर्म/संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणित प्रमाणपत्र, आ.ब. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र निवेदन साथ पेश गरी निवेदन दर्ता गराउनु पर्नेछं। निवेदन दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

३. ठेक्काको किसिम :- खुल्ला डांक बढाबढ

४. धरौटी सम्बन्धमा :- नेपाली नागरिक भएमा आफुले कबोल गरेको अंकको ५% र बिदेशी भए १०% रकम पहिला नै यस कार्यालयको श्री राष्ट्रिय बाणिज्य बैंक, बिरगंजमा रहेको धरौटी खाता नं. १२५०३०३००७१०५ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारि भएको कम्तिमा १२० दिन म्याद भएको (निवेदन बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबन्ड डांक बढाबढ हुनु भन्दा कम्तिमा १ (एक) घण्टा अगावै पेश गर्नुपर्ने छ। यसरी पेश गरिने जमानत बापतको भौचर, रसिद वा बिडबन्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिईनेछ।

५. खुल्ला डांक बढाबढ हुने मिति, समय र स्थान :- निवेदकहरुको रोहवरमा निवेदन दिने अन्तिम मितिको भोलि पल्ट दिनको ११:०० बजे यस कार्यालयमा डांक बढाबढ हुनेछ। डांक बढाबढमा आफुले राखेको धरौटी रकम बमोजिमको कबोल अंकभन्दा बढी कबोल अंक बोल्न पाईने छैन।

६. डांक बढाबढमा सबैभन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा संस्था संग पोखरीको ठेक्काको सम्झौता गर्दा १( एक) बर्ष बराबरको रकम सम्झौता गर्ने समयमै दाखिला गर्नुपर्नेछ। र बाँकी कबोल अंक बराबरको धनजमानी राख्नु पर्नेछ।

७. डांक बढाबढ सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टास गरिनेछ।

८. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित) तथा नियमावली, २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन, नियम बमोजिम हुनेछ।

९. डांक बढाबढ सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

| ठेक्का नं. | पोखरीको नाम | ठेगाना | संख्या | निवेदन दस्तुर रु. | न्यूनतम टेन्डर रकम रु. |
|---|---|---|---|---|---|
| ६/०७५/०७६ | सुपौली पोखरी | वडा नं. ४ | १ | १०००/- | २,९०,०००/- |
| ७/०७५/०७६ | सखुवनिया पोखरी | वडा नं. ५ | १ | १०००/- | २,७५,०००/- |

प्रमुख प्रशासकिय अधिकृत

जिराभवानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सेढवा, पर्सा
२ नं. प्रदेश नेपाल

अमित कुमार गिरी
प्रमुख प्रशासकीय अधिकृत